# जिल्लास्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८१

जिल्ला समन्वय समिति

रोल्पा

Scanned with CamScanner

जिल्ला सभाबाट पारित मिति २०८१।०३।१२
जि.स.स. प्रमुखबाट प्रमाणीकरण मिति २०८१।०३।१६

# जिल्लास्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८१

प्रस्तावना : नेपालको संविधानको धारा २२० (७), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (१) र लुम्बिनी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ वमोजिम जिल्ला सभालाई प्राप्त भएको काम कर्तव्य र अधिकार लाई कार्यान्वयन गर्न एवम् जिल्ला भित्र सरकारी तथा गैरसरकारी कार्यालय, संघ संस्था र निकायहरुवाट सञ्चालन गरिने सबै किसिमका विकास निर्माण सम्वन्धी योजना तथा कार्यक्रमहरुको अनुगमन तथा समन्वय गर्ने कार्यलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाई संस्थागत सहयोग पुर्याउन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२(४) र लुम्बिनी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी रोल्पा जिल्लाको जिल्ला सभाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद : १

## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "जिल्लास्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि जिल्ला सभावाट स्वीकृत भई जिल्ला सभाका अध्यक्षवाट प्रमाणित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) वमोजिम निर्वाचित रोल्पा जिल्लाको जिल्ला समन्वय समितिलाई सम्झनुपर्दछ ।

(ख) "प्रमुख" भन्नाले जिल्ला समन्वय समिति, रोल्पाको प्रमुखलाई सम्झनुपर्छ ।

(ग) "उपप्रमुख" भन्नाले जिल्ला समन्वय समिति, रोल्पाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(घ) "सदस्य" भन्नाले जिल्ला समन्वय समिति, रोल्पाको सदस्यलाई सम्झनु पर्छ।।

(ङ) "आर्थिक वर्ष" भन्नाले कुनै वर्षको श्रावण १ गतेदेखि सुरु भई अर्को वर्षको आषाढ मसान्त सम्मको अवधिलाई सम्झनुपर्छ

(च) "ऐन" भन्नाले लुम्बिनी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ सम्झनु पर्छ।

(छ) "कार्यविधि" भन्नाले "जिल्लास्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८१" सम्झनु पर्छ।।

(ज) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानून वमोजिम दर्ता भई रोल्पा जिल्लामा कार्यरत गैरसरकारी संघ संस्थाहरुलाई सम्झनु पर्छ।र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा सम्वन्धित स्थानीय तहको अनुमतिमा रोल्पा जिल्लामा काम गर्ने अर्न्तराष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकाय समेतलाई जनाउनेछ ।

(झ) "जिल्ला" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ३ वमोजिमको रोल्पा जिल्लालाई सम्झनु पर्छ।।

(ञ) "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) वमोजिमको रोल्पा जिल्लाको जिल्ला सभालाई सम्झनु पर्छ।

(ट) "योजना" भन्नाले संघ, प्रदेश, स्थानीय तह वा गैर सरकारी संस्था द्वारा रोल्पा जिल्ला भित्र निश्चित अवधि भित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिएको आयोजना, परियोजना वा कार्यक्रम लाई सम्झनुपर्छ ।

(ठ) "समन्वय अधिकारी" भन्नाले ऐनको दफा ५ वमोजिमको जिल्ला समन्वय अधिकारीलाई सम्झनु पर्छ।।

(ड) "स्थानीय तह" भन्नाले नेपालको संविधान वमोजिम रोल्पा जिल्ला भित्र रहेका गाउँपालिका र नगरपालिकाहरुलाई सम्झनु पर्छ।।

रीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(ढ) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्वन्धमा यस कार्यविधि वमोजिम गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा पृष्ठपोषणको कार्यलाई सम्झनु पर्छ।

## परिच्छेद : २

## अनुगमन सम्वन्धी व्यवस्था

३. अनुगमन गर्नुपर्ने : (१) नेपालको संविधानको धारा २२० को उपधारा (७) को खण्ड (ख) वमोजिम जिल्लाको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ ।

(२) लुम्बिनी प्रदेशको जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ (१) (ख) वमोजिम जिल्ला समन्वय समितिले विकास निर्माण सम्बन्धी कार्यक्रमको अनुगमन गर्नेछ ।

(३) उपदफा (१) र (२) वमोजिम अनुगमन गर्दा जिल्ला समन्वय समितिले जिल्ला भित्रको विकास निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा विषय विज्ञ सहितको टोलीद्वारा अध्ययन तथा अनुसन्धान गर्न गराउन सक्नेछ।

४. जिल्लाको विकास निर्माण सम्वन्धी विवरण तयार गर्नुपर्ने : (१) जिल्ला समन्वय समितिले ऐनको दफा ३ (१) (ख) को व्यवस्था वमोजिम जिल्ला भित्र सरकारी तथा गैर सरकारी क्षेत्रवाट प्रत्येक आर्थिक वर्षमा संञ्चालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गर्नुपर्नेछ । यस्तो विवरण अनुसूची १ वमोजिमको ढाँचामा तयार गरी कार्यालयमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) जिल्ला समन्वय समितिले जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको विषयमा अध्ययन तथा अनुसन्धान गर्दा गराँउदा उपदफा १ बमोजिम तयार गरिएको विवरण र अनुगमन प्रतिवेदन समेतलाई आधार लिनुपर्नेछ ।

(३) जिल्ला समन्वय समितिले अनुगमन गर्दा गराउँदा संघीय वा प्रदेश अर्न्तगतका जिल्ला स्थित विकास निर्माणसंग सम्वन्धित सरकारी कार्यालय, जिल्लामा रहेका गाउँपालिका तथा नगरपालिकाहरु र जिल्लामा कार्यरत गैर सरकारी संघ संस्थाहरुवाट निम्न अनुसारका दस्तावेज तथा विवरणहरु माग गर्न सक्नेछ

(क) स्वीकृत वार्षिक नीति, कार्यक्रम र वजेट ।

(ख) योजना तथा कार्यक्रमको स्वीकृत लगत ईष्टिमेट, ड्रईङ्ग, डिजाईन, स्पेसिफिकेसन आदि कागजात ।

(ग) कार्यसम्पन्न प्रतिवेदन, म.ले.प. प्रतिवेदन र आवश्यकतानुसारका अन्य कागजात ।

(घ) चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनहरु ।

(ङ) अन्य आवश्यक देखिएका विषयसँग सम्वन्धित निर्णय तथा कागजातहरु ।

(४) उपदफा (१) र (३) वमोजिम माग भई आएका विवरण तथा कागजातहरु तोकिएको समय भित्र जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु सम्बन्धित कार्यालय तथा पालिकाहरुको दायित्व हुनेछ ।

५.जिल्ला समन्वय समितिले गर्ने अनुगमनको विषय र क्षेत्र : (१) जिल्ला समन्वय समितिले यस कार्यविधि वमोजिम जिल्लाभित्र अनुगमन गर्ने विषय र क्षेत्र देहाय वमोजिम हुनेछ :

(क) संघीय सरकार, प्रदेश सरकार तथा गैरसरकारी क्षेत्रवाट संञ्चालित विकास निर्माण कार्यक्रम ।

(ख) जिल्ला भित्रका स्थानीय तहहरुवाट सञ्चालन भई रहेको योजना तथा कार्यक्रम र सेवा प्रवाहको अवस्था ।

(ग) जिल्ला भित्र विकास तथा निर्माण कार्यको सन्तुलन अवस्था ।

(घ) जिल्ला भित्र संञ्चालित राष्ट्रिय तथा प्रदेश गौरवका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन र प्रगति अवस्था

(ङ) ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, विकी तथा व्यवस्थापनका लागि स्थानीय तहहरुवाट भईरहेको कार्य ।

(च) स्थानीय तहहरुवाट भई रहेको प्राकृतिक स्रोतको व्यवस्थापन तथा राजश्व संकलन सम्वन्धी कार्य ।

(छ) स्वीकृत प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्वन्धी योजना र कार्यक्रमको कार्यान्वयनको अवस्था ।

(ज) प्राकृतिक प्रकोप तथा विपद् जोखिमयुक्त क्षेत्रको स्थलगत अवलोकन र व्यवस्थापन सम्वन्धी कार्य ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(झ) संघीय सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय, विभाग, निर्देशनालयहरुले सञ्चालन गरेका योजना, कार्यक्रमहरुको कार्यान्वयन तथा प्रगति अवस्था ।

(ञ) संघीय सरकार तथा प्रदेश सरकारका जिल्ला स्थित कार्यालयहरुवाट सम्पादन भईरहेको विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी कार्य ।

(ट) अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सर्तकता केन्द्र र संघीय वा प्रदेश मन्त्रालयवाट अनुगमन तथा प्रतिवेदन गर्नका लागि प्राप्त हुन आएका विषय ।

(ठ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको लागि जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधिहरुले निर्दिष्ट गरेका सूचकहरुको कार्यान्वयनको अवस्था ।

(ड) संघीय सरकार र प्रदेश सरकारले अनुगमन गर्नका लागि तोकेका अन्य विषय, कार्यक्रम वा क्षेत्र ।

६. अनुगमन गर्दा अनुसूची वमोजिमको फारमको प्रयोग गर्नुपर्ने : (१) जिल्ला समन्वय समितिले अनुगमन गर्दा अनुसूची वमोजिमको फारमको प्रयोग गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रयोग गरिने सूचक / फारम देहाय अनुसारको हुनेछ :

(क) स्थानीय तहहरुद्धारा संचालित योजना/कार्यक्रमको अनुगमन गर्दा अनुसूची २ बमोजिमको अनुगमन फारम ।

(ख) सङ्घीय र प्रदेश सरकार अर्न्तगत जिल्ला स्थित कार्यालयवाट संचालित योजना/कार्यक्रमको अनुगमन गर्दा अनुसूची २ वमोजिमको अनुगमन फारम ।

(ग) सङ्घीय र प्रदेश सरकार अर्न्तगत जिल्ला स्थित कार्यालयहरुको कार्यसम्पादन अनुगमन गर्दा अनुसूची ३ वमोजिमको सूचक / फारम ।

(घ) पालिका, कार्यालय र गैससवाट सञ्चालित सामाजिक र मानवीय विकास कार्यक्रमको अनुगमन गर्दा अनुसूची ४ वमोजिमको सूचक / फारम।

(ङ) गैरसरकारी संघ संस्थाहरुवाट सञ्चालन भएका निर्माण योजनाको अनुगमन गर्दा अनुसूची २ वमोजिमको सूचक / फारम ।

(च) उपभोक्ता समितिवाट संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा अनुसूची २ वमोजिमको सूचक / फारम ।

(छ) स्थानीय तहहरुको संस्थागत सुशासन सम्वन्धी अनुगमन गर्दा अनुसूची ५ वमोजिमको सूचक । ( यो अनुसूचीमा १० वटा क्षेत्रगत सूचकहरु रहेको हुँदा जिल्ला समन्वय समितिले अनुगमनमा जानु अगावै कुन कुन क्षेत्रको अनुगमन सूचक प्रयोग गर्ने भन्ने सम्वन्धमा आवश्यक निर्णय गरी क्षेत्र र सूचकको छनौट गर्नेछ )

(ज) गैर सरकारी संस्थावाट संचालित कार्यक्रमहरुको अनुगमन गर्दा अनुसूची ६ वमोजिमको अनुगमन फारम ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि योजना र कार्यक्रमको प्रकृति अनुसार छुट्टै किसिमको सूचक/फारम तयार गरी विवरण भर्नुपर्ने अवस्था देखिएमा सोही अनुसारको सूचक / फारम प्रयोग गर्न वाधा पर्ने छैन ।

(४) सङ्घीय सरकार र प्रदेश सरकारवाट सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमन गर्दा सङ्घीय सरकार र प्रदेश सरकारवाट निर्धारित अनुगमन फारमको प्रयोग गर्न सकिनेछ ।

७. अनुगमन प्रकृया : जिल्ला समन्वय समितिले अनुगमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय वमोजिमका कार्य र प्रकृयाहरुलाई आवश्यकतानुसार अवलम्वन गर्न सक्नेछ :

(क) जिल्लामा सञ्चालित विकास निर्माण कार्यक्रमको विवरण संकलन गरी सूची तयार गर्ने ।

(ख) अनुगमनको लागि वार्षिक, चौमासिक तथा मासिक कार्ययोजना तयार गर्ने ।

(ग) योजना, कार्यक्रमको विषय र प्रकृति अनुसार अनुगमनको विधि निर्धारण गर्ने ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(ङ) यस कार्यविधिले गरेका व्यवस्था र अनुगमन सूचकहरुको वारेमा स्थानीय तहका पदाधिकारी, सरकारी तथा गैर सरकारी निकायका सम्बद्ध पदाधिकारी/कर्मचारीहरुका लागि अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(च) अनुगमन सम्बन्धमा सम्वन्धित सरोकारवालाहरु संग सम्पर्क र समन्वय गर्ने ।

(छ) अनुगमन गरिने विषय वस्तुका सम्वन्धमा सरोकारवालाहरुसंगवाट सूचना तथा जानकारीहरु संकलन गर्ने ।

(ज) प्राप्त सूचना र जानकारीका आधारमा आवश्यकता अनुसार अर्न्तवार्ता वा सूचना संकलनका लागि थप प्रश्नावली वा रुजुसूची (checklist )तयार गर्ने ।

(झ) आवश्यकता अनुसार अनुगमन सम्वन्धी छलफल, अन्तरक्रिया र गोष्ठिहरु सञ्चालन गर्ने ।

(ञ) छलफल, अन्तरक्रिया र गोष्ठिमा योजना तथा कार्यक्रमहरुको तथ्यांक, वस्तुस्थिती, अवस्था आदिको विवरण प्रस्तुत गर्ने ।

(ट) छलफल, अन्तरक्रिया र गोष्ठिमा प्रस्तुत भएका सूचना, जानकारी, समस्या तथा सुझावहरुलाई संकलन गर्ने । (ठ) योजना तथा कार्यक्रम स्थलमा आवश्यकता अनुसार स्थलगत अवलोकन, निरीक्षण, अध्ययन तथा अनुगमन गर्ने ।

(ड) योजना तथा कार्यक्रम स्थलमा स्थलगत भ्रमण गर्दा सम्वन्धित प्राविधिक कर्मचारीवाट योजना तथा कार्यक्रमको लगत ईष्टिमेट, ड्रईङ्ग, डिजाईन, स्पेसिफिकेसन र भौतिक प्रगति प्रतिवेदन माग गरी लिई जाने ।

(ढ) योजना तथा कार्यक्रम स्थलमा स्थलगत भ्रमण गर्दा सम्बन्धित पक्ष तथा कर्मचारीवाट वित्तिय प्रगति प्रतिवेदन संकलन गरी लिई जाने ।

(ण) योजना तथा कार्यक्रम स्थलमा पुगेपछि लई, डईङ्ग, डिजाईन, स्पेसिफिकेसन अनुसार तहाँ भएको भौतिक प्रगतिको अवस्था वारेमा सम्वन्धित साईट ईन्चार्ज प्राविधिकलाई व्रिफिङ्ग गर्न लगाई सो अनुसारको कामको अवलोकन र निरीक्षण गर्ने ।

(त) योजना तथा कार्यक्रम स्थलमा आवश्यकता अनुसार लाभग्राही उपभोक्ता, उपभोक्ता समिति, निर्माण समिति, निर्माण व्यवसायी, सम्वन्धित साईटईन्चार्ज प्राविधिक, नागरिक समाज, टोल विकास संस्थाका प्रतिनिधि, स्थानीय वुद्धिजिवी र जनप्रतिनिधि आदिसंग छलफल, प्रश्नोत्तर, अर्न्तवार्ता, अन्तरक्रिया आदिको माध्यमवाट सूचना, जानकारी र तथ्यहरु संकलन गर्ने ।

(थ) स्थलगत भ्रमण गर्दा योजना तथा कार्यक्रम स्थलमा देखिएका समस्याहरुको टिपोट गर्ने ।

(द) स्थलगत भ्रमण गर्दा योजना तथा कार्यक्रमको कार्यान्वयनमा तत्काल कुनै विषयमा सुधार गर्नुपर्ने आवश्यकता देखेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई योजना स्थलमा नै आवश्यक सुझाव तथा निर्देशन दिने ।

(ध) जिल्ला समन्वय समितिले योजना तथा कार्यक्रम र सोसँग सम्बन्धित आयोजनाहरुको अनुगमन गर्ने क्रममा विविध अनुगमनका विधिहरुको प्रयोग गर्ने । जस्तैः मुख्य मुख्य क्रियाकलापहरुको लगानी अनुगमन, प्रतिफल अनुगमन, उपलब्धि अनुगमन, प्रभाव अनुगमन आदि ।

(न) सहभागितामूलक पद्धतिमा प्रयोग हुने अनुगमनका विधिहरुको प्रयोग गर्ने । जस्तै :अर्न्तवार्ता, अवलोकन, लक्षित समूह छलफल, सामाजिक स्रोत नक्शा, सवल दुर्वल पक्ष विश्लेषण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदि ।

८. स्थलगत अनुगमन प्रक्रिया : (१) जिल्ला समन्वय समितिको तर्फवाट अनुगमन समितिले स्थलगत अनुगमन गर्दा देहाय वमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ :

(क) योजना तथा कार्यक्रम स्थलमा पुगेर अवलोकन, निरीक्षण, अध्ययन तथा अनुगमन गर्नुपर्ने ।

(ख) योजनाको सम्बन्धित प्राविधिक कर्मचारी (साईट ईन्चार्ज) वाट अनुगमन गर्ने योजना तथा कार्यक्रमको स्वीकृत लगत ईष्टिमेट, ड्रईङ्ग, डिजाईन, स्पेसिफिकेसन प्राप्त गर्नुपर्ने ।

(ग) सम्वन्धित कार्यालय तथा कर्मचारीवाट योजना तथा कार्यक्रमको वित्तिय विवरण प्राप्त गर्नुपर्ने ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(घ) योजना तथा कार्यक्रम स्थलमा पुगेपछि स्वीकृत ल.ई, डईङ्ग, डिजाईन, स्पेसिफिकेसन अनुसार तहाँ भएको भौतिक प्रगतिको अवस्था वारेमा प्राविधिक कर्मचारी (साईट ईन्चार्ज) वाट ब्रिफिङ्ग लिई आवश्यक छलफल गरी सो वमोजिम भए गरेको कामको निरीक्षण गर्नुपर्ने ।

(ङ) योजना तथा कार्यक्रम स्थलमा आवश्यकता अनुसार उपभोक्ता, उपभोक्ता समिति, निर्माण समिति, निर्माण व्यवसायी, सम्वन्धित प्राविधिक कर्मचारी (साईट ईन्चार्ज), नागरिक समाज, टोल विकास संस्थाका प्रतिनिधि, स्थानीय बुद्धिजिवी र जनप्रतिनिधिसँग छलफल, प्रश्नोत्तर, अर्न्तवार्ता, अन्तरक्रिया आदिको माध्यमवाट सूचना, जानकारी र तथ्यहरु संकलन गर्नुपर्ने (च) योजना तथा कार्यक्रम सम्वन्धी जानकारी, विवरण र तथ्यांकको टिपोट गर्नुपर्ने ।

(छ) योजना तथा कार्यक्रम स्थलमा देखिएका, बुझिएका समस्याहरुको टिपोट गर्नुपर्ने ।

(ज) योजना तथा कार्यक्रमको कार्यप्रगति देखिने तस्वीरहरु संकलन गर्नुपर्ने ।

## परिच्छेद ३
## अनुगमन समिति सम्वन्धी व्यवस्था

९. अनुगमन समिति गठन : (१) जिल्ला समन्वय समितिले जिल्लाभित्र सञ्चालन हुने विकास निर्माण सम्वन्धी योजना र कार्यकमको अनुगमन गर्ने प्रयोजनको लागि निम्न अनुसार जिल्ला अनुगमन समिति र उपसमिति गठन गर्न सक्नेछ :

(क) प्रमुखको संयोजकत्वमा जिल्ला अनुगमन समिति गठन गर्न ।

(ख) जिल्लाका स्थानीय तहहरु, विकास योजना, निर्माण लगायत शिक्षा, स्वास्थ, सामाजिक विकास, प्राकृतिक स्रोत, नदीजन्य पदार्थ, वातावरण, जलवायु, पर्यटन, गैरसरकारी संघ संस्था तथा सम्वन्धित कार्यालयहरु संगको समन्वय र अनुगमनलाई प्रभावकारी वनाउनको लागि प्रमुख, उपप्रमुख र सदस्य संयोजक रहने गरी आवश्यकता अनुसार विषयगत रुपमा अनुगमन तथा सुपरीवेक्षण उप-समिति गठन गर्न ।

(२) उपदफा (१) मा गरिएको व्यवस्थाका अतिरिक्त जिल्ला समन्वय समितिले अनुगमन सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन निम्न अनुसार थप व्यवस्था गर्न सक्नेछः

(क) जिल्लामा रहेका सङ्घीय तथा प्रदेश सरकारी कार्यालयहरुसंग अनुगमन कार्यमा संयोजन गर्न उपप्रमुख र सदस्यहरु लाई कार्यालयको नाम नै तोकि कार्यालय संयोजकको जिम्मेवारी दिन ।

(ख) स्थानीय तहमा गरिने अनुगमनको कार्यलाई व्यवस्थित वनाई समन्वय र संयोजन गर्न प्रमुख, उपप्रमुख र सदस्यहरुलाई पालिकाको नाम नै तोकि पालिका संयोजकको जिम्मेवारी तोक्न ।

(ग) उपप्रमुख र सदस्यहरुलाई छुट्टाछुट्टै विषयगत क्षेत्र हेर्ने गरी जिम्मेवारी तोक्न ।

(घ) जिल्लामा कार्यरत गैरसरकारी संस्थाले सम्पादन गरेको कामलाई नियमित रुपमा अनुगमन गरी जिल्ला समन्वय समितिको वैठकमा प्रतिवेदन गर्न उपप्रमुख र सदस्यहरुलाई गैर सरकारी संस्थाको नाम नै तोकि जिम्मेवारी तोक्न ।

(३) उपदफा (१) (क) वमोजिमको जिल्ला अनुगमन समिति देहाय बमोजिम गठन हुनेछः

(क) प्रमुख संयोजक

(ख) उपप्रमुख सदस्य

(ग) प्रमुखले तोकेको कम्तिमा १ जना महिला सहीत २ जना जिल्ला समन्वय समितिका सदस्य सदस्य

(घ) जिल्ला समन्वय अधिकारी वा निजले तोकेको जिल्ला समन्वय समितिको अधिकृत कर्मचारी सदस्य सचिव

(४) उपदफा (३) मा व्यवस्था भएको समितिको कामलाई थप प्रभावकारी वनाउन सम्वन्धित सरोकारवालाहरुलाई समितिले आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

१०. जिल्ला अनुगमन समितिको काम कर्तव्य र अधिकार : (१) दफा ९(३) वमोजिमको जिल्ला अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(क) जिल्ला समन्वय समितिवाट स्वीकृत वार्षिक, चौमासिक र मासिक अनुगमन कार्ययोजना वमोजिम जिल्ला भित्र सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने ।

(ख) योजना तथा कार्यक्रम सम्झौता अनुसार सम्पन्न गर्न गराउनका लागि आवश्यक सहजीकरण गर्ने ।

(ग) योजना तथा कार्यक्रमको कार्यान्वियनमा कुनै वाधा अड्चन वा समस्याहरु देखिएमा सो समाधान गर्न आवस्यक पहल गरी सहज वातावरण वनाउन सम्वन्धित निकाय र पक्षहरुका वीच समन्वय गर्ने ।

(घ) स्वीकृत कार्यान्वयन तालिका, समय, लागत र तोकिएको गुणस्तर वमोजिम काम भए नभएको अनुगमन गर्ने ।

(ङ) अनुगमन गरिने योजना तथा कार्यक्रमको ल.ई, ड्रईङ्ग, डिजाईन, स्पेसिफिकेसन, प्रगति प्रतिवेदन र वित्तिय विवरण सम्बन्धित कार्यालय वा पक्षसंग माग गर्न सक्ने ।

(च) योजना तथा कार्यक्रमको विषय र प्रकृति अनुसार प्राविधिक/ विशेषज्ञलाई सहभागी गराउने वा अन्य सरकारी कार्यालयवाट आमन्त्रित गरी आवश्यक सहयोग लिने वा सेवा करारमा विशेषज्ञ सेवा प्राप्त गर्ने ।

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा सञ्चालन गर्ने निकायको प्रमुख वा प्राविधिक कर्मचारी वा सो कामको जिम्मेवार कर्मचारीलाई अनुगमनमा सहभागी गराई वा नगराई आवश्यक जानकारी लिन सक्ने ।

(ज) योजना तथा कार्यक्रमवाट लाभान्वित हुने लाभाग्राही उपभोक्ता वा प्रतिनिधिलाई अनुगमनमा सहभागी गराउन सक्ने ।

(झ) स्थलगत रुपमा अनुगमन गरिदा योजना तथा कार्यक्रमहरुको कार्यान्वियन सम्झौता अनुसार तोकिएको समयतालिका, लागत र गुणस्तर ( स्पेसिफिकेसन, मापदण्ड) वमोजिम भईरहेको नपाईएमा तत्काल कार्यान्वयन गर्ने निकायलाई आवस्यक सुझाव तथा निर्देशन दिने ।

(ञ) अनुगमन कार्य सम्पन्न भएपछि अनुगमन गर्दा प्राप्त भएका सूचना, तथ्यांक, जानकारी, प्रगति अवस्था र सबै वस्तु स्थितीहरुलाई अध्ययन र विश्लेषण गरी आफनो राय सुझाव सहीतको प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गर्ने ।

(ट) योजना तथा कार्यक्रमको अनुगमन गर्दा कुनै कमीकमजोरी देखिई विषयवस्तुको गाम्भीर्यताको आधारमा थप अध्ययन गर्न आवश्यक देखेमा सम्वन्धित विषयका विशेषज्ञहरु/प्राविधिकहरु मात्र समावेश रहेको वढीमा ५ जना सम्मको कार्यदल गठन गरेर योजना तथा कार्यक्रमको अध्ययन गराई प्रतिवेदन लिन सक्नेछ ।

(ठ) अनुगमन समितिले जिल्ला समन्वय समितिका वा अन्य कार्यालयका कर्मचारीहरुलाई आफनो अनुगमनको काममा आवश्यकता अनुसार सहभागी गराउन सक्नेछ ।

(ड) अनुगमन समितिको वैठक आवश्यकता अनुसार वस्न सक्नेछ ।

११. विषयगत अनुगमन तथा सुपरीवेक्षण उपसमितिको काम कर्तव्य र अधिकार : (१) दफा ९ (ख) वमोजिम गठन हुने विषयगत अनुगमन तथा सुपरीवेक्षण उपसमितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) उपसमितिले संम्पादन गर्ने कामको लागि कार्य योजना तयार गर्ने ।

(ख) आफनो कार्यक्षेत्र संग सम्वन्धित विषयका जिल्ला भित्रका सूचना, तथ्यांक, जानकारी संकलन तथा टिपोट गर्ने ।

(ग) जिल्ला भित्र सञ्चालन भै रहेका आफनो विषय क्षेत्र संग सम्बन्धित योजना तथा कार्यक्रमहरुको विवरण अद्यावधिक गर्ने ।

(घ) कम्तिमा दुई महिनाको एक पटक उपसमितिको वैठक वसी आवश्यक छलफल र निर्णय गर्ने ।

(ङ) आफनो कार्यक्षेत्र भित्रका योजना, कार्यक्रम र क्रियाकलापहरुको नियमित निरीक्षण र अनुगमन गर्ने ।

(च) आफनो कार्यक्षेत्र भित्र पर्ने जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालयसंग नियमित सम्पर्कमा रही समन्वय गर्ने ।

(छ) आफूले सम्पादन गरेको कार्यप्रगतिको विवरण मासिक रुपमा जिल्ला समन्वय समिति बैठकलाई जानकारी गराउने ।

(ज) जिल्ला समन्वय समितिले तोके वमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(२) दफा ९ को उपदफा (२) (क) र (ख) वमोजिम जिल्ला समन्वय समितिको वैठकवाट पालिका संयोजक र कार्यालय संयोजकको जिम्मेवारी प्राप्त भएको अवस्थामा संयोजकले देहाय अनुसारको कार्य सम्पादन गर्नुपर्नेछ :

(क) पालिका र कार्यालयको वार्षिक नीति, कार्यक्रम र वजेटको विवरण तयार गरी अध्ययन गर्ने ।

(ख) पालिका र कार्यालयको स्थलगत रुपमा भ्रमण गरी सम्पादित कार्यहरुको वारेमा नियमित रुपमा जानकारी लिने ।

(ग) पालिका र कार्यालयसंग नियमित सम्पर्कमा रही योजना तथा कार्यक्रमको कार्यान्वयनमा आवश्यक समन्वय गर्ने

(घ) पालिका र कार्यालयद्धारा कार्यान्वयन भईरहेका योजना तथा कार्यक्रमहरुमा स्थलगत भ्रमण गर्ने ।

(ङ) योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा देखिन आएका समस्याहरुको वारेमा जानकारी प्राप्त गरि टिपोट गर्ने ।

(च) योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा देखा परेका र टिपोट गरिएका समस्याहरु समाधान गर्न आवश्यक पहल गर्ने ।

(छ) योजना तथा कार्यक्रमको समस्याहरु समाधान गर्न आफनो तहवाट सम्भव नभएमा प्रमुख समक्ष पेश गर्ने ।

(ज) पालिका र कार्यालयवाट भएका असल अभ्यास र उदाहरणीय कामहरुको टिपोट गरी जिल्ला समन्वय समितिको वैठकमा जानकारी गराउने ।

(झ) पालिका र कार्यालयले आयोजना गर्ने समिक्षा, तालिम, गोष्ठि, अर्न्तक्रिया वैठक आदिमा जिल्ला समन्वय समितिको प्रतिनिधिको रुपमा सहभागि हुने ।

(ञ) जिल्ला अनुगमन समितिलाई योजना तथा कार्यक्रमको अनुगमनमा समन्वय तथा सहजीकरण गर्ने ।

(ट) आफूले सम्पादन गरेको कार्यप्रगतिको विवरण मासिक रुपमा जिल्ला समन्वय समिति वैठकलाई जानकारी गराउने।

(ठ) जिल्ला समन्वय समितिले तोके वमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

## परिच्छेद : ४

## अनुगमन प्रतिवेदन र यसको कार्यान्वयन सम्वन्धी व्यवस्था

१२. प्रतिवेदन र यसको कार्यान्वयन : (१) यस कार्यविधि वमोजिम जिल्ला अनुगमन समिति र विषयगत अनुगमन तथा सुपरीवेक्षण उपसमितिले आफनो भ्रमण सम्पन्न भएको मितिले ७ दिन भित्र अनुगमन प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम पेश गरिने प्रतिवेदनमा देहाय वमोजिमका कागजातहरु समावेश गर्नुपर्नेछ

(क) अनुसूचीको ढाँचा वमोजिम तयार गरिएको अनुगमन सूचक / फारम

(ख) अनुगमन सूचक/फारममा समावेश भएका विषय वाहेक उल्लेख गर्न आवश्यक देखिएका अन्य व्यहोराहरु ।

(ग) अनुगमनको क्रममा लिईएका अनुगमन कार्यसंग सम्वन्धित तस्वीरहरु ।

(३) उपदफा (२) वमोजिम प्राप्त भएका प्रतिवेदनहरु जिल्ला समन्वय समितिको मासिक वैठकमा पेश हुनेछन् ।

(४) उपदफा (३) वमोजिमका प्रतिवेदनहरुमा प्राप्त भएका राय सुझाव र निष्कर्ष उपर जिल्ला समन्वय समितिको वैठकले छलफल र समिक्षा गर्नेछ । छलफल र समिक्षा गरी सम्वन्धित निकायलाई सुझाव दिन आवश्यक र अनिवार्य देखिएको विषयहरुमा निर्णय गरी वुदाँगत राय सुझाव तयारी गरी सम्बन्धित कार्यालय, निकाय र सरोकारवाला पक्षलाई लेखि पठाउनेछ यसरी बुँदागत राय सुझाव लेखि पठाउनु अगावै सम्बन्धित कार्यालय, निकाय र सरोकारवाला पक्षहरुलाई जिल्ला समन्वय समितिले आवश्यक देखेमा आफनो कार्यालयमा आमन्त्रण गरी अनुगमन प्रतिवेदन उपर वृहद् छलफल र परामर्श गर्न सक्नेछ।

(५) उपदफा (४) वमोजिम जिल्ला समन्वय समितिको वैठकले निर्णय गरी पठाईएका राय सुझावलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्नु गराउनु सम्बन्धित कार्यालय, निकाय र पक्षको कर्तव्य र दायित्व हुनेछ ।

(६) उपदफा (४) वमोजिम पठाईएको राय सुझावको कार्यान्वयन नगरेमा वा वेवास्ता गरेमा जिल्ला समन्वय समितिले सम्वन्धित कार्यालय, निकाय र पक्षलाई कार्यान्वयनका लागि पुनः लेखि पठाउनेछ ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(७) उपदफा (६) वमोजिम पुनः लेखि पठाउँदा पनि सम्बन्धित कार्यालय, निकाय र पक्षले सुझावहरुको कार्यान्वयन नगरेमा जिल्ला समन्वय समितिले त्यस्तो कार्यालय र निकायका प्रमुख वा पक्षलाई सुझावहरु कार्यान्वयन नगर्नुका कारण र कठिनाईहरुका वारेमा छलफल गर्न जिल्ला समन्वय समितिको बैठकमा आमन्त्रण गर्नेछ ।

(८) उपदफा (७) वमोजिम जिल्ला समन्वय समितिमा आमन्त्रण गरी छलफलको माध्यमद्धारा सुझावहरु कार्यान्वयन गर्नका लागि अनुरोध गर्दा पनि राय सुझावको पालना नगरेमा वा वेवास्ता गरेमा जिल्ला समन्वय समितिले त्यस्तो कार्यालय निकायको सम्वन्धित विषयगत मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशलाई अनुगमनको प्रतिवेदन सहीत तथ्यहरु समावेश गरी सवै व्यहोरा खुलाई लेखि पठाउन सक्नेछ ।

(९) जिल्ला समन्वय समितिले आफूले गरेको अनुगमन सम्वन्धी कार्य, सो सम्वन्धमा गरेका निर्णय, सम्वन्धित कार्यालय र निकायहरुलाई कार्यान्वयनका लागि पठाईएका राय सुझाव सहीत अनुगमन सम्बन्धमा गरिएका सबै विषयहरुलाई समेटेर चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(१०) जिल्ला समन्वय समितिले उपदफा (९) वमोजिम तयार गरेको अनुगमन प्रतिवेदन जिल्ला समन्वय समितिको बैठकमा प्रस्तुत गरी सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ । बैठकमा पेश भएको अनुगमन प्रतिवेदन अनुमोदन भएपछि जिल्ला समन्वय समितिले आफ्नो कार्यालयमा अभिलेखीकरण गरी एक एक प्रति सवै पालिकाहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(११) उपदफा (९) वमोजिम तयार गरिएको चौमासिक तथा वार्षिक प्रतिवेदनका सम्वन्धमा जिल्ला समन्वय समितिले अर्धवार्षिक तथा वार्षिक समिक्षा वैठकको आयोजना गर्न सक्नेछ । यस्तो समिक्षा वैठकमा आवश्यकता अनुसार पालिकाहरु, जिल्ला स्थित सङ्घीय तथा प्रदेश कार्यालयहरु, गैर सरकारी संस्था, सम्वन्धी सरोकारवाला पक्षहरु र सञ्चार क्षेत्रलाई आमन्त्रण गर्नेछ

(१२) जिल्ला समन्वय समितिले आफूले गरेको अनुगमन कार्यको निष्कर्ष र सो वमोजिम अन्य पालिका, कार्यालय, गैसस र सरोकारवाला पक्षलाई प्रदान गरेको राय, सुझावको व्यहोरा आवश्यकता देखेमा सार्वजनिक गर्न सक्नेछ ।

(१३) जिल्ला समन्वय समितिले विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षा कार्यक्रमको आयोजना गर्नुपर्नेछ ।

(१४) उपदफा (१२) वमोजिम आयोजना गरिने वार्षिक समीक्षा कार्यक्रममा जिल्ला भित्रका सवै स्थानीय तहहरु, विकास निर्माण संग सम्बन्धित सङ्घीय तथा प्रदेश कार्यालयहरु, गैर सरकारी संघ संस्था निकायहरुलाई प्रस्तुतीकरण तथा छलफलका लागि अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

(१५) उपदफा (१२) वमोजिम जिल्ला समन्वय समितिले आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुतीकरणका लागि आमन्त्रण प्राप्त भएपछि उपस्थित भई आफनो वार्षिक कार्य प्रगतिको प्रस्तुतीकरण गर्नु सम्बन्धित पालिका, कार्यालय, संघ संस्थाहरुको कर्तव्य र दायित्व हुनेछ ।

(१६) उपदफा (१२) वमोजिम आयोजना गरिने वार्षिक समीक्षा कार्यक्रममा जिल्लावाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सवै संसद सदस्यहरुलाई जिल्ला समन्वय समितिले सहभागिताका लागि अनिवार्य रुपमा आमन्त्रण गरी सुझावहरु लिनुपर्नेछ ।

(१७) जिल्ला समन्वय समितिले आफनो काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशमा पठाउनु पर्नेछ ।

## परिच्छेदः ५

## अनुगमन आचारसंहिता सम्वन्धी व्यवस्था

१३. अनुगमनमा संलग्न पदाधिकारी र कर्मचारीले आचारसंहिता पालना गर्नुपर्ने :

(१) यस कार्यविधि वमोजिम अनुगमन कार्यसंग सम्बन्धित व्यक्तिले देहाय वमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

(क) अनुगमन गर्ने पदाधिकारी तथा व्यक्तिले कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात र पूर्वाग्रहमुक्त हुनुपर्नेछ ।

(ख) कुनै पनि प्रकार वा किसिमबाट आउने प्रभाव, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रभावित नभई कार्य गर्नुपर्नेछ ।

(ग) जिल्ला समन्वय समितिबाट स्वीकृत कार्ययोजना अनुसार अनुगमन कार्य नियमित रुपमा गर्नुपर्नेछ ।

(घ) तथ्यांक, तथ्य र वस्तुगत विवरणका आधारमा अनुगमन गर्नुपर्ने र ती विषयहरु प्रतिवेदनमा उल्लेख हुनुपर्नेछ।

(ङ) प्रतिवेदनमा राय तथा सुझावहरु उल्लेख गर्दा सूचकमा टिपोट गरिएको वस्तुस्थितीलाई विश्लेषण गर्नुपर्नेछ ।

(च) अनुगमन प्रतिवेदनमा राय, सुझाव र निष्कर्ष उल्लेख गर्दा त्यसको आधार र पुष्टयाई खुलाउनु पर्नेछ ।

(छ) सम्बन्धित कार्यालय, निकाय, पदाधिकारी, कर्मचारी र सरोकारवाला सबै व्यक्तिहरुलाई आफनो व्यहोरा प्रस्तुत गर्न पर्याप्त अवसर दिनुपर्ने, उनीहरुको व्यहोरा राम्रो संग सुनेर टिपोट गर्नुपर्ने, व्यहोरा प्रस्तुत गर्न समान अवसर प्रदान गर्नुपर्नेछ ।

(ज) गुनासो प्राप्त भएका र विभिन्न सञ्चार माध्मबाट नकारात्मक समाचार आएका योजना तथा कार्यक्रमहरुको अनुगमनलाई प्राथमिकता दिएर काम गर्नुपर्नेछ ।

(झ) पालिका कार्यालय र गैरसरकारी संस्थाहरुबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुलाई समान र सन्तुलित ढंगबाट समय विभाजन गरी अनुगमन गर्नुपर्नेछ ।

(ञ) अनुगमन गरिएको योजना तथा कार्यक्रम संग सम्बन्धित पक्षबाट यातायात, आवाश, खाना, खाजा आदि कुनै पनि किसिमको सेवा वा सुविधा नलिने ।

(ट) योजना तथा कार्यक्रममा भए गरेका काम र अवस्थाको तस्वीरहरु संकलन गर्ने र अनुगमन प्रतिवेदनमा समावेश गर्ने ।

(ठ) प्रचलित ऐन, कानून, नियम, निर्देशिकाको अधिनमा रही अनुगमन कार्य गर्नुपर्नेछ ।

## परिच्छेद : ६
## समन्वय सम्वन्धी व्यवस्था

१४. समन्वय गर्नुपर्ने :

(१) नेपालको संविधानको धारा २२० (७), ऐनको दफा ३(१) र प्रचलित कानूनले तोके बमोजिमका विषय र क्षेत्रमा जिल्ला समन्वय समितिले जिल्ला भित्र प्रभावकारी रुपमा समन्वयको काम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला समन्वय समितिले देहाय बमोजिमका विषयमा समन्वय गर्नुपर्नेछ :

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका विचको विकास निर्माणका विषयमा समन्वय गर्ने ।

ख) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घीय सरकारसंग समन्वय गर्ने

(ग) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका वीच समन्वय गर्ने ।

(घ) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्वन्धी योजना र कार्यको समन्वय गर्ने ।

(ङ) जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजीक्षेत्रसंग समन्वय गर्ने ।

(च) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्वन्धी काममा समन्वय गर्ने ।

(छ) जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यमा समन्वय गर्ने ।

(ज) राष्ट्रिय समन्वय परिषद् वा प्रदेश समन्वय परिषद्ले समन्वय र सहजीकरणका लागि लेखि पठाएका विषयमा समन्वय र सहजीकरण गर्ने ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

(झ) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सरकारवाट समन्वयका लागि लेखि आएका अन्य विषयमा समन्वय गर्ने ।

(ञ) प्रचलित कानूनले तोकेका अन्य विषयमा समन्वय गर्ने ।

१५. समन्वयको कार्य उदेश्यमूलक वनाउनु पर्ने :

(१) जिल्ला समन्वय समितिले जिल्ला भित्र गरिने आफनो समन्वयको कार्यलाई निश्चित उद्देश्य प्राप्तिमा केन्द्रित गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम जिल्ला समन्वय समितिले निम्न अनुसारका उदेश्य प्राप्तिमा केन्द्रित रही समन्वयको कार्य गर्नुपर्नेछ

(क) जिल्ला भित्रका स्थानीय तहवीचको विकास निर्माणका विषय पहिचान एवम् व्यवस्थापन गर्न

(ख) जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन एवम् अनुसन्धान गर्न

(ग) जिल्ला भित्र सञ्चालन हुने भौतिक, सामाजिक, पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्न

(घ) विकास निर्माणका आयोजना र कार्यक्रमको कार्यान्वयनमा देखिएका अवरोध, वाधा र समस्याहरुलाई समाधान गर्न र कार्यान्वयनमा प्रभावकारीता ल्याउन

(ङ) दिगो विकासको लक्ष्यहरुलाई स्थानीयकरण गरी कार्यान्वयनमा सहयोग पुरयाउन एवम् प्रभावकारी ल्याउन ।

(च) ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन तथा विक्री लाई नियमानुसार दीगो रुपमा सञ्चालन र उपयोगमा ल्याउन ।

(छ) प्राकृतिक स्रोत र साधनको दिगो र समुचित उपयोग गरी तोकिए वमोजिमको लक्ष्य प्राप्त गर्न, गराउन ।

(ज) राष्ट्रिय गौरव र प्रदेश गौरवका योजनाहरुको सहज र प्रभावकारी कार्यान्वयन गर्न गराउन ।

(झ) जिल्लाको सन्तुलित विकासका लागि सरकारी कार्यालय, गैरसरकारी संघ संस्था र निजीक्षेत्रका वीच सहकार्य गराउन।

(ञ) जिल्ला भित्र सञ्चालन गरिने योजना तथा कार्यक्रममा दोहोरोपना नआउने गरी कार्यान्वयन गर्न गराउन ।

(ट) योजना तर्जुमा तथा कार्यान्वयनको प्रकृयामा जिल्ला भित्रका स्थानीय तहहरु वीच आपसी असमझदारी र विवाद सिर्जना हुन नदिन ।

(ठ) योजनाको तर्जुमा, स्वीकृती र कार्यान्वयनको प्रकृयामा स्थानीय तह र सरकारी कार्यालय वीच आपसी असमझदारी नदिन ।

(ड) जिल्ला समन्वय समितिवाट गरिने अनुगमनको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन ।

(ढ) जिल्ला भित्रका स्थानीय तहहरु, सङ्घीय तथा प्रदेश कार्यालयहरु र गैर सरकारी कार्यालयहरुवाट प्रवाह हुने सेवाहरुलाई नियमित, सहज, सरल र गुणस्तर बनाउन ।

१६. समन्वयका लागि प्राथमिकता दिनुपर्ने : (१) जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहहरु, सङ्घीय तथा प्रदेश कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरुवाट सम्पादन हुने विकास निर्माणको कार्यान्वयन र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी वनाउन देहाय वमोजिमका विषयमा समन्वय गर्ने कार्यलाई उच्च प्राथमिकता दिनुपर्नेछः

(क) जिल्ला भित्रका स्थानीय तहहरु वीच नीतिगत सामन्जस्यता कायम गर्न ।

(ख) विकास निर्माण संग सम्बन्धित काममा सरोकारवालाहरुका वीच समन्वय र सहकार्य गर्न ।

(ग) जिल्ला भित्रका एउटा स्थानीयले गरेका असल अभ्यासहरुलाई अन्य पालिकामा अनुशरण गरी कार्यान्वयन गर्न गराउन ।

(घ) जिल्लाको सन्तुलित विकासका लागि स्थानीय तह, सङ्घीय र प्रदेश सरकारका कार्यक्रममा सामन्जस्यता ल्याउन।

(ङ) स्थानीय तह, सङ्घीय र प्रदेश सरकारले छनौट गर्ने योजना तथा कार्यक्रममा दोहोरापना आउन नदिन ।

(च) संञ्चालीत योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र प्रतिवेदन गर्न ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

जिल्ला समन्वय समितिको कार्यालय रोल्पा २०७३

(छ) दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी कार्यान्वयनमा ल्याउन ।

(ज) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र प्रदेश गौरवका योजनाहरुको प्रभावकारी कार्यान्वयनमा ल्याउन ।

(झ) योजना तथा कार्यक्रमहरुको छनौट, तर्जुमा र स्वीकृती गर्दा समावेशी विकासलाई कार्यान्वयनमा ल्याउन।

(ञ) योजनाहरु सम्पन्न भई स्थानीय उपभोक्ता वा संस्थालाई हस्तान्तरण गरिएपछि तीनको दीगो सञ्चालन र व्यवस्थापन गराउन ।

(ट) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र प्रदेश गौरवका योजनाहरुमा आवश्यक पर्ने नदीजन्य निर्माण सामाग्रिको उपलब्धतालाई सहज आपूर्ति हुने व्यवस्था गर्न ।

(ठ) जिल्ला भित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा।

(ड) जिल्ला भित्र सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारहरुले घोषणा गरेका सामाजिक अभियानहरुलाई स्थानीय तहहरुद्धारा प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन ।

(ढ) स्थानीय तहमा वहुक्षेत्रीय पोषण कार्यक्रमको योजना छनौट गरी कार्यान्बियन गर्ने गराउन सम्वन्धमा ।

(ण) जिल्ला भित्रको कुनै एक स्थानीय तहभित्र वा दुई वा सो भन्दा वढी स्थानीय तहहरुका वीचमा देखा परेका समस्या, कठीनाई र विवादहरुको समाधान गर्न ।

(त) स्थानीय तहहरुलाई वालमैत्री, वातावरण मैत्री, पोषण मैत्री आदि स्थानीय तह घोषणा गर्न गराउन ।

(थ) सङ्घीय सरकारवाट स्थानीय तहहरुमा लागू गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि सहितका अन्य कार्यविधि तथा निर्देशिकाको कार्यान्वयनमा ।

(द) स्थानीय तहमा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्न ।

१७. समन्वय प्रक्रिया : (१) यस कार्यविधि वमोजिम जिल्ला समन्वय समितिले समन्वय सम्वन्धी कार्य गर्दा देहाय वमोजिमका प्रकृयाको अवलम्वन गर्न सक्नेछ :

(क) जिल्ला भित्रका स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरुका वीच जिल्ला तहमा नियमित रुपमा समन्वय बैठक, छलफल, अन्तरक्रिया, अनुशिक्षण, तालिम, समीक्षा गोष्ठि आदिको आयोजना गर्ने ।

(ख) सङ्घीय तथा प्रदेश सरकार अर्न्तगत जिल्लामा रहेका विकास निर्माण संग सम्बन्धित कार्यालयका प्रमुखहरुलाई आमन्त्रण गरी जिल्ला तहमा नियमित समन्वय वैठक, छलफल, अन्तरक्रिया र समीक्षा गोष्ठिको आयोजना गर्ने ।

(ग) जिल्लाको सन्तुलित विकास निर्माण र प्रभावकारी सेवा प्रवाह गर्न गराउनका लागि स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकारका कार्यालयहरु, राजनीतिक दल, क्रियाशिल नागरिक समाज, गैरसरकारी संस्था, संचारक्षेत्र आदि सवै सरोकारवालाहरुको सहभागितामा संयुक्त अन्तरक्रिया, छलफल र गोष्ठीको आयोजना गरी जिल्लाको साझा अवधारणा र योजना तयार गर्ने ।

(घ) दिगो विकास लक्षको जिल्ला स्तरको अवधारणा तयार गर्न एवम् दिगो विकासका लक्षहरुलाई स्थानीय तहहरुमा स्थानीयकरण गरी सफल कार्यान्वयन गर्न स्थानीय तह, सङ्घीय तथा प्रदेश सरकारका कार्यालयहरु, राजनीतिक दल, क्रियाशिल नागरिक समाज, गैरसरकारी संस्था, संचारक्षेत्र आदि सबै सरोकारवालाहरुको सहभागितामा संयुक्त अन्तरक्रिया, छलफल र गोष्ठीको आयोजना गर्ने ।

(ङ) विकास निर्माण तथा सेवा प्रवाहको सन्दर्भमा स्थानीय तहहरुवीच देखिएका विवादहरु सम्बन्धित पक्षहरुको उपस्थितीमा समाधान गर्न गराउनका लागि सहजीकरणको भूमिका निर्वाह गर्ने ।

(च) जिल्ला भित्रका स्थानीय तहहरुको संस्थागत क्षमता विकासका लागि सङ्घीय तथा प्रदेश सरकारसंग समन्वय गरी समय समयमा जिल्ला तहमा तालिम, प्रशिक्षण र अभिमुखिकरण कार्यक्रमहरुको आयोजना गर्ने ।

(छ) स्थानीय तहमा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र क्षमता वृद्धि गर्ने ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(ज) स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि र स्थानीय तह वित्तीय जोखिम मूल्यांकन कार्यविधि अनुसार जिल्लामा उत्कृष्ट अंक प्राप्त गर्ने स्थानीय तहहरुलाई पुरुस्कृत गर्ने व्यवस्था मिलाउने ।

(झ) स्थानीय तहहरुले गर्दै आएका असल अभ्यास ( अनुकरणीय कार्यहरु) लाई स्थानीय सञ्चार माध्यमवाट प्रसारण गर्ने व्यवस्था मिलाउने । साथै अन्य स्थानीय तहहरुलाई पनि उत्प्रेरित गरी त्यस्ता असल अभ्यास प्रयोगमा ल्याउन समन्वय गर्ने ।

(ञ) जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहहरु र सङ्घीय तथा प्रदेश अर्न्तगतका कार्यालयहरु संग चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनहरु माग गर्ने र चौमासिक वा अर्धवार्षिक वा वार्षिक समीक्षा कार्यक्रमको आयोजना गर्ने ।

(ट) जिल्ला समन्वय समितिले जिल्ला भित्रका पालिकामा स्थलगत रुपमा गई पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका सदस्यहरु, कर्मचारीहरु, सेवाग्राही र उपभोक्ताका प्रतिनिधिहरु समेतको सहभागितामा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने। यस्तो अन्तरक्रियामा योजना कार्यक्रमको कार्यान्वयन अवस्था, सेवा प्रवाह र कार्यसम्पादनको अवस्था, यसमा देखिएका समस्याहरु र जिल्लाले समन्वय गरिदिनुपर्ने विषयहरुमा सुझावहरु संकलन गरी सुझाव वमोजिम समन्वयको कार्ययोजना वनाउने।

१८. समन्वय वैठक तथा समीक्षा कार्यक्रम : (१) जिल्ला भित्र विकास निर्माणको कार्यान्वयन र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी वनाउनका लागि जिल्ला समन्वय समितिले देहाय अनुसार समन्वय बैठक तथा समीक्षा कार्यक्रमको आयोजना गर्न सक्नेछ :

(क) जिल्ला भित्रका स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतहरुका वीच कम्तिमा तीन महिनाको एकपटक समन्वय वैठकको आयोजना गर्न ।

(ख) सङ्घीय तथा प्रदेश सरकार अर्न्तगत जिल्लामा रहेका विकास निर्माणसंग सम्बन्धित कार्यालयका प्रमुखहरुलाई आमन्त्रण गरी कम्तिमा तीनमहिनाको एक पटक समन्वय बैठकको आयोजना गर्न ।

(ग) जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जिल्लामा रहेका सङ्घीय तथा प्रदेश सरकार अर्न्तगतका विकास निर्माण संग सम्बन्धित कार्यालय प्रमुखहरुलाई कम्तिमा चार महिनाको एक पटक जिल्ला समन्वय समितिमा आमन्त्रण गरी समन्वय वैठक आयोजना गर्न ।

(घ) जिल्लामा कार्यरत गैरसरकारी संघ संस्था निकायका प्रमुखहरुलाई आमन्त्रण गरी कम्तिमा चार महिनामा एक पटक समन्वय वैठकको आयोजना गर्न ।

(ङ) योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको प्रगति अवस्था र कार्यान्वयनमा देखिएका अवरोध, समस्याहरुको वारेमा जानकारी लिई समस्याहरुलाई समन्वयात्मक ढंगले समाधान गरेर विकास निर्माणको कार्यलाई प्रभावकारी वनाउन जिल्ला समन्वय समितिले चौमासिक रुपमा वा अर्धवार्षिक रुपमा जिल्ला स्तरमा समीक्षा कार्यक्रमको आयोजना गर्न सक्नेछ ।

(च) जिल्ला समन्वय समितिले विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षा कार्यक्रमको आयोजना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना गरिने समन्वय बैठकमा निम्न अनुसारका विषयको छलफललाई उच्च प्राथमिकता दिईनेछः

(क) स्वीकृत वार्षिक नीति, कार्यक्रम र वजेटको कार्यान्वयन अवस्था ।

(ख) आन्तरिक आयको प्रगति अवस्था ।

(ग) संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त भएको अख्तियारी अनुसार वजेट निकासा र खर्चको अवस्था ।

(घ) वार्षिक अख्तियारी, निकासा र खर्च सम्बन्धमा आई परेका समस्या ।

(ग) योजना, कार्यक्रमको कार्यान्वयन गर्दा तथा वस्तु र सेवा प्रवाह गर्दा आईपरेका समस्या तथा कठिनाईहरु ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

(घ) जिल्ला समन्वय समितिले समन्वय गरिदिनु पर्ने विषयहरु ।

(३) उपदफा (२) वमोजिमको समन्वय बैठकमा जिल्ला समन्वय समितिको कार्यालयले पालिका र कार्यालयका समस्याहरुलाई छुट्टाछुट्टै रुपमा टिपोट गरी अभिलेख राख्नुपर्नेछ ।

(४) उपदफा (३) अनुसार टिपोट गरिएका समस्या तथा कठिनाईहरुलाई जिल्ला समन्वय समितिले संघीय तथा प्रदेश सरकारका मन्त्रालय र अन्य सरोकारवाला सम्बन्धित निकायहरुसंग सम्पर्क र समन्वय गरी समाधान गर्न पहल र प्रयत्न गर्नुपर्नेछ ।

(५ जिल्ला समन्वय समितिले सम्पादन गरेका समन्वय सम्वन्धी सबै कार्य, बैठक, गोष्ठि, अन्तरक्रिया, अभिमुखिकरण आदिको अनुसूची ७ वमोजिमको ढाँचामा अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद : ७
## विविध

१९.अनुगमन र समन्वयको काममा खटिने पदाधिकारीको सेवा सुविधा : (१) अनुगमन र समन्वय सम्वन्धी काममा खटिने सहभागि हुने जिल्ला समन्वय समितिका पदाधिकारीहरुले गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ ले तोके वमोजिमको सेवा सुविधा पाउनेछन् ।

(२) अनुगमन र समन्वय सम्वन्धी काममा खटिने, सहभागि हुने कर्मचारीहरु तथा विषय विज्ञले प्रचलित कानूनले तोके वमोजिमको सेवा सुविधा पाउनेछन् ।

(३) जिल्ला समन्वय समितिवाट आयोजना गरिने समन्वय वैठकमा कार्यालयले बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

२०. अनुगमन र समन्वयको वजेट व्यवस्था : (१) अनुगमन गरिएको योजना तथा कार्यक्रममा अनुगमन सम्बन्धी वजेट व्यवस्था भएको भए सोही वजेट शिर्षकवाट अनुगमनमा संलग्न पदाधिकारी, कर्मचारी तथा विशेषज्ञलाई दफा १९ अनुसारको सेवा सुविधा उपलब्ध हुनेछ ।

(२) उपदफा (१) वमोजिम अनुगमन सम्वन्धी वजेट व्यवस्था नभएको अवस्थामा स्थानीय तहहरुले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९(१४) वमोजिम जिल्ला समन्वय समितिलाई उपलब्ध गराएको प्रशासनिक खर्च वापतको रकम मध्येवाट जिल्ला समन्वय समितिको निर्णय वमोजिम उपलव्ध हुनेछ ।

(३) उपदफा (१) वमोजिम अनुगमन सम्वन्धी वजेट व्यवस्था नभएको र उपदफा (२) बमोजिम स्थानीय तहहरुवाट जिल्ला समन्वय समितिलाई वजेट श्रोत प्राप्त भई नसकेको अवस्थामा जिल्ला समन्वय समितिलाई सङ्घीय तथा प्रदेश सरकारवाट प्राप्त भएको सम्बन्धित (मिल्दो) वजेट शिर्षकवाट जिल्ला समन्वय समितिको निर्णय वमोजिम उपलब्ध हुनेछ ।

२१. वजेट उपलब्ध गराउनु पर्ने : (१) यस कार्यविधिमा व्यवस्था भए वमोजिमको अनुगमन तथा समन्वयको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन जिल्ला सभाले निर्णय गरे वमोजिमको रकम प्रत्येक आर्थिक वर्षका लागि स्थानीय तहहरुले जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने छन् ।

(२) स्थानीय तहहरुले ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९(१४) वमोजिम जिल्ला अनुगमन समितिलाई उपलव्ध गराउनु पर्ने प्रशासनिक खर्च वापतको रकम जिल्ला समन्वय समितिको नाममा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जिल्ला अनुगमन समितिलाई प्रशासनिक खर्च वापत उपलब्ध गराउनुपर्ने रकमको निर्धारण( निर्णय ) जिल्ला सभाले गर्नेछ ।

(४)जिल्ला समन्वय समितिले उपदफा (२) वमोजिम प्राप्त भएको रकम देहायको शिर्षकमा खर्च गर्न सक्नेछ :

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(क) ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ मा व्यवस्था भएको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको वैठकमा उपस्थित पदाधिकारी, सदस्य तथा कर्मचारीहरुको वैठक भत्ता तथा दैनिक भ्रमण भत्ता भुक्तानी गर्न ।

(ख) यस कार्यविधि वमोजिम अनुगमन तथा समन्वयको काममा खटिने पदाधिकारी, सदस्य, कर्मचारी र प्राविधिक विशेषज्ञलाई प्रचलित कानून वमोजिमको वैठक भत्ता तथा दैनिक भ्रमण भत्ता भुक्तानी गर्न ।

(ग) कार्यविधिको दफा १०(१)(च) को व्यवस्था वमोजिम जिल्ला अनुगमन समितिले योजना, कार्यक्रम तथा नदीजन्य पदार्थको व्यवस्थापन सम्वन्धी अनुगमन गर्न गराउनको लागि प्राविधिक विशेषज्ञ लाई सेवा करारमा लिई काम गराउदाँको सम्झौता वमोजिमको पारीश्रमिक तथा सुविधा रकम भुक्तानी गर्न ।

२२. आय व्यय विवरणको फाँटवारी पठाउनुपर्ने : (१) जिल्ला समन्वय समितिले दफा २१ को उपदफा (१) र (२) वमोजिम स्थानीय तहहरुवाट प्राप्त भएको रकमको छुट्टै श्रेस्ता तयार गरी प्रचलित कानून वमोजिम राख्नुपर्नेछ।

(२) जिल्ला समन्वय समितिले उपदफा (१) वमोजिम प्राप्त रकमको चौमासिक र वार्षिक आय व्ययको विवरण तयार गरी कार्य प्रगति प्रतिवेदन समेत संलग्न गरी स्थानीय तहहरुलाई उपलब्ध गराउन पर्नेछ ।

(३) दफा २१ वमोजिम जिल्ला समन्वय समितिलाई स्थानीय तहहरुवाट प्रत्येक आर्थिक वर्षमा प्राप्त भएको रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा बाँकी रहेको रकम मौज्दात कोषको रुपमा राखी जिल्ला समन्वय समितिले आगामी आर्थिक वर्षमा खर्च गर्न सकिनेछ ।

(४) दफा २१ वमोजिम जिल्ला समन्वय समितिलाई प्राप्त भएको रकमको लेखा परीक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

(५) उपदफा (४) वमोजिमको अन्तिम लेखा परीक्षण प्रतिवेदन जिल्ला समन्वय समितिले जिल्ला सभामा पेश गरी सभाका सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ ।

२३. स्थानीय तह, सरकारी तथा गैरसरकारी कार्यालयहरुको जिम्मेवारी र दायित्व : (१) यस कार्यविधि वमोजिम जिल्ला समन्वय समितिवाट गरिने अनुगमन तथा समन्वयको कार्यमा जिल्ला भित्रका स्थानीय तहका कार्यपालिकाका कार्यालयहरु, सङ्घीय तथा प्रदेश अन्तर्गतका जिल्ला स्थित कार्यालयहरु र जिल्लामा कार्यरत गैरसरकारी संघ संस्थाहरुको जिम्मेवारी र दायित्व देहाय वमोजिम हुनेछ :

(क) स्थानीय तहका कार्यपालिकाको कार्यालयहरुले आफनो स्वीकृत नीति, कार्यक्रम र वजेट पुस्तिका जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) सङ्घीय तथा प्रदेश अर्न्तगतका जिल्ला स्थित कार्यालयहरुले आफनो स्वीकृत वार्षिक कार्यक्रम र वजेट विवरण जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(ग) जिल्लामा कार्यरत गैरसरकारी संघ संस्थाहरुले स्वीकृत वार्षिक कार्यक्रम (क्रियाकलाप र स्थान सहीत ), वार्षिक वजेट ( क्रियाकलापअनुसार ) र संस्थाको कार्यक्षेत्र सहीतको विवरण जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(घ) अनुगमनको कार्यमा जिल्ला समन्वय समितिलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नु जिल्लामा कार्यरत सरकारी कार्यालय तथा गैरसरकारी संघ संस्थाहरुको दायित्व हुनेछ ।

(ङ) सङ्घीय तथा प्रदेश कार्यालयहरुले आफनो तालुक मन्त्रालय वा विभाग वा निर्देशनालय वा आयोजना कार्यालयद्वारा योजना तथा कार्यक्रम सञ्चालनका सम्वन्धमा स्वीकृत गरिएको कार्यविधि, मार्गदर्शन निर्देशिका, मापदण्ड जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(च) जिल्ला समन्वय समितिले गर्ने अनुगमनको सम्पूर्ण प्रक्रियामा प्राविधिक रुपमा सहजीकरण गर्नु र आवश्यकता अनुसार स्रोत साधनको व्यवस्थापन गर्नु सङ्घीय तथा प्रदेश अर्न्तगतका जिल्ला स्थित कार्यालयहरु र गैर सरकारी संस्थाहरुको जिम्मेवारी हुनेछ ।

सीता आचार्य
प्रमुख जि.स.स. रोल्पा

Scanned with CamScanner

(छ) जिल्ला समन्वय समितिले आफनो अनुगमनको कार्यमा औपचारीक रुपमा पत्र लेखि प्राविधिक विशेषज्ञको माग गरेमा प्राविधिक विशेषज्ञ उपलब्ध गराउनु स्थानीय तह, सङ्घीय तथा प्रदेश अर्न्तगतका जिल्ला स्थित कार्यालयहरुको कर्तव्य हुनेछ ।

